राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक १२६ २०८२ मंसिर २१ गते आईतवार (07 Dec. 2025) पृष्ठ ४ मूल्य रु. ३।-

### नेपाली कम्युनिष्ट पार्टी एकता सभा

# देशभर समाजवादी रूपान्तरण तीव्र प्रचण्ड–माधवको घोषणा





दैनिक समाचारदाता
जनकपुरधाम, २० मंसिर । मधेश प्रदेशमा हालै बनेको नयाँ सत्ता समीकरण केवल प्रदेशगत घटना नभई देशव्यापी राजनीतिक रूपान्तरणको सुरुवात भएको दाबी नेपाली कम्युनिस्ट पार्टीका शीर्ष नेताहरूले गरेका छन्।
शनिबार जनकपुरधाममा आयोजित पार्टीको मधेश प्रदेशस्तरीय एकता सन्देशसभामा संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र सह(संयोजक माधवकुमार नेपाल दुवैले मधेशबाट देखिएको नयाँ राजनीतिक संयोजनले अब अन्य प्रदेशको सत्ता संरचना र राष्ट्रिय राजनीतिमा समेत प्रभाव पार्ने जिकिर गरे।
सम्बोधनका क्रममा संयोजक प्रचण्डले मधेशमा परम्परागत 'समीकरण' टुटेर नयाँ शक्ति संरचना बनेको उल्लेख गर्दै यसलाई देशका बाँकी प्रदेशमा देखिनैपर्ने राजनीतिक संकेतका रूपमा व्याख्या गरे।
'मधेशले परम्परागत समीकरणलाई नदोहोर्याई नयाँ ढंगले कम्युनिस्ट पार्टी, मधेशवादी दल र नेपाली कांग्रेस समेत मिलेर सरकार बनाएको छ,' उनले भने, 'यो परिवर्तन मधेशमै सीमित रहँदैन, देशभर नयाँ समीकरणको सुरुवात यहीँबाट हुन्छ।'
उनका अनुसार गणतन्त्र आए पनि जनताको जीवनस्तरमा देखिएको ठोस सुधारको अभावले जेनजी आन्दोलन जन्मियो, जसले राजनीतिक दलहरूलाई आत्मसमीक्षा र सुधारको दिशामा अघि बढ्न बाध्य बनायो। प्रचण्डले प्रतिगमन र प्रतिक्रियावादका विरुद्ध सबै जनताको एकता अपरिहार्य रहेको भन्दै त्यसको नेतृत्व नेपाली कम्युनिस्ट पार्टीले गर्ने दाबी गरे। त्यस्तै, एमालेभित्र रहेका बामपन्थी तथा क्रान्तिकारी समूहहरूदेखि अन्य कम्युनिस्ट दलहरूसमेतलाई एकताबद्ध गर्दै पार्टीलाई समग्र रूपमा बलियो बनाइने उनले बताए। मधेश प्रदेशका महत्वपूर्ण विकास परियोजनाहरू कम्युनिस्ट नेतृत्वमै सुरू भएकाले त्यसलाई निष्कर्षमा पुर्याउने जिम्मेवारी पनि नेकपाकै हुने उनको भनाइ थियो।
सभालाई सम्बोधन गर्दै सह(संयोजक तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले पनि मधेशबाट सुरु भएको राजनीतिक रूपान्तरणलाई देशव्यापी परिवर्तनको प्रस्थानबिन्दुका रूपमा प्रस्तुत गरे।
उनले नेपालमा पूँजीवादी वा साम्यवादी आर्थिक मोडेलभन्दा समाजवादी व्यवस्थाकै आवश्यकता रहेको उल्लेख गर्दै यही उद्देश्यसहित नयाँ कम्युनिस्ट पार्टीको स्थापना गरिएको दाबी गरे। जेनजी आन्दोलन व्यापक भ्रष्टाचार र बेथितिको परिणाम भएकाले त्यसका जायज माग समयमै सम्बोधन नभए पुन: विद्रोह भड्किन सक्ने चेतावनी उनले दिए। नेपालले जेनजी युवाहरूको भरोषाको केन्द्र नेकपा बन्दै गएको उल्लेख गर्दै देशभरिका युवा, वृद्ध तथा महिलालाई पार्टीप्रति आस्था राख्न आह्वान गरे।
सभाहरूमा जनकपुरको सहभागिता सबैभन्दा उल्लेखनीय रहेको दाबी गर्दै उनले कृषि क्रान्ति र औद्योगिक क्रान्ति विना मधेशको विकास सम्भव नरहेको र त्यसका लागि नयाँ क्रान्तिको नेतृत्व नेकपाले नै गर्ने निर्धार व्यक्त गरे।
मधेशबाट सुरु भएको सत्ता समीकरणको परिवर्तन अब राष्ट्रिय राजनीतिक नक्षामा कस्तो प्रभाव पार्छ भन्ने विषय आगामी दिनमा निर्णायक बन्ने देखिन्छ।

*बाँकी ४ पृष्ठमा*

# "चुनाव जेबेलै होस्, एमाले नेतृत्वको सरकार अनिवार्य"



दैनिक समाचारदाता
काठमाडौं, २० मंसिर । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आगामी निर्वाचनपछि फेरि पनि राजनीतिक दलहरूकै सरकार बन्ने बताएका छन् ।
अहिले धेरै फेरि पनि दलहरूनै आउने, तीनै पूराना शक्ति आउने भनेर प्रश्न गरिरहेको बताउँदै ओलीले यस्तो बताएका हुन् ।
पार्टी केन्द्रीय कार्यालय च्यासलमा आयोजित नवयुग ई-बुलेटिन शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा उनले वर्तमान सरकार असंवैधानिक, हाहुको भरमा आएको बताए ।
उनले जेनजी सरकारकै प्रधानमन्त्री पनि आफूभन्दा तीन महिनामात्रै कम उमेरको भएको भन्दै कटाक्ष गरे ।
'अनि को फर्कने त ? अब सरकार कसको रे ? यसमा पनि दुविधा हुने ? आगो लगाएर सरकार बनाउने ? फेरि पनि यस्तै गरेर सरकार बनाउने ? अब फेरि हाहुकै भरमा सरकार बन्छ ? पार्टीको नबनेर,' ओलीले भने, 'अनि उनै पूराना नेता आउने रे ? केही थाहा नपाएका चाहीँ पुराना किन आएका त ? हामी चाहीँ बुढा हुने । म भन्दा साँढे तीन महिनामात्रै कान्छि चाहीँ, जित्नु न सित्नु उसै प्रधानमन्त्री हुँ भन्ने?'


*'एमाले फेरि आउँछ आउँछ'*

साथै, अध्यक्ष ओलीले अब हुने निर्वाचनबाट आफ्नो पार्टी एमाले सरकारमा आउने दाबी गरे ।
अन्य दलहरूको बारेमा आफूलाई थाहा नभएको बताउँदै उनले एमाले भने आउने आउने जिकिर गरे । र, शान्तिपूर्ण निर्वाचनको पर्खाइमा आफ्नो दल रहेको पनि उनले बताए ।
'चुनाव जहिले होस्, हामी यो बीचमा सरकार बनाउने खेलमा छैनौं । स्वतन्त्र, निष्पक्ष, धाँधलीरहित र शान्तिपूर्ण चुनाव पर्खिरहेका छौं,' ओलीले भने, 'फागुन २१ को होइन । फागुन २१ मा चुनाव हुँदैन हामीलाई थाहा छ । हामी जहिले चुनाव हुन्छ, त्यैले अबको सरकार भनेको चुनावबाट आउने सरकार एमाले नै हो ।'
ओलीले थप भनेका छन्, 'अरु आउँछन् कि आउँदैनन् थाहा छैन एमाले चाहीँ आयो आयो । एमाले एउटा बाढीजस्तो हो । विशला नदीमा आएको बाढीजस्तो ।'

# पेस्तोलसहित भारतीय नागरिक पक्राउ

दैनिक समाचारदाता
महोत्तरी, २० मंसिर । सशस्त्र प्रहरीले महोत्तरीको एकडारा गाउँपालिका -४ हलखोरी चोकबाट कट्वा पेस्तोलसहित एक जना भारतीय नागरिकलाई पक्राउ गरेको छ ।
बर्दीबासस्थित सशस्त्र प्रहरी बल नेपाल नम्बर २ छिन्नमस्ता वाहिनीका सशस्त्र नायव महानिरीक्षक (डिआइजी) कृष्ण ढकालका अनुसार सशस्त्रले गरेको नियमित चेकजाँचको क्रममा भारतको बिहार, सीतामढी-पटदौरा ग्राम पञ्चायत सिराहीपट्टीका २६ वर्षीय सरोजकुमार कुर्मीलाई पक्राउ गरेको हो ।हलखोरीस्थित सशस्त्रको बोर्डर आउटपोष्टका सशस्त्र प्रहरी निरीक्षक सुनिलकुमार दासको कमाण्डमा रहेको गस्तीले नेपाल-भारत सीमाक्षेत्रस्थित मरुवाहीबाट हलखोरीतर्फ आउँदैगरेको दासलाई अवैध हतियारसहित शनिबार नियन्त्रणमा लिएको थियो ।कुर्मी सवार रहेको बीआर ०६ एवाई ६१७२ नम्बरको मोटरसाइकल रोकेर तलाशी गर्दा मोटरसाइकलको सिटमुनि लुकाइराखिएको एक थान कट्वा पेस्तोल र त्यसमा लाग्ने एक थान गोली बरामद भएको ढकालले बताउनुभयो । पक्राउ परेका भारतीय नागरिक कुर्मीलाई थप अनुसन्धान एवं आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय महोत्तरी बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ ।


अब अनलाइनबाट बुकिङ्गको सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# मधेशको नयाँ नेतृत्व, पुरानै चुनौती

मधेश प्रदेशले फेरि नयाँ मुख्यमन्त्री पाएको छ। नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव। संविधानको धारा १६८(२) अनुसार प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले उनलाई नियुक्त गरेसँगै केही समयदेखि अलमलमा परेको प्रदेश राजनीति फेरि नयाँ मोडमा प्रवेश गरेको छ। विगत केही हप्तादेखि देखिएको राजनीतिक अस्थिरता, दल-दलबीचको अविश्वास, र संवैधानिक प्रक्रियाको विवादबीच आएको यो नियुक्ति केवल पदाधिकारी परिवर्तन मात्र होइन; मधेश प्रदेशको राजनीति कहाँ पुग्दैछ भन्ने प्रश्न पनि हो।

पूर्वमुख्यमन्त्री सरोज यादवले विश्वासको मत लिन नसकेपछि सर्वोच्च अदालतको परमादेशले यसपालिको शक्ति-सन्तुलनलाई नयाँ ढंगले निर्धारण गर्‍यो। अदालतले दलगत चलखेलभन्दा संवैधानिक प्रक्रियालाई प्राथमिकता दिएको निर्णयले राजनीतिक दलहरूलाई सकसमा पारेको थियो। ठूलो दल, गठबन्धन, र प्रदेश प्रमुखको अधिकारबारे उठेका प्रश्नले मधेशमा रहेको राजनीतिक अस्थिरता एकपटक फेरि नङ्ग्याइदियो। यति हुँदाहुँदै पनि सातदलीय गठबन्धनले अन्ततः कांग्रेसका यादवलाई मुख्यमन्त्री बनाउँदै आफ्नो राजनीतिक लय जोगाउने प्रयास गर्‍यो।

कांग्रेसका यादवले मुख्यमन्त्री नपाए विपक्षमा बस्ने धम्की दिएपछि प्रदेश राजनीति थप संवेदनशील बनेको थियो। एमालेले समेत कांग्रेसलाई नेतृत्व दिन तयार भएको खबरले मधेशवादी दलहरू झनै अलमलमा परे। कांग्रेस र एमाले मिल्ने हो भने एउटा सानो दलको समर्थनले नै सरकार बन्ने सम्भावना भएकाले मधेशवादी दलहरूले आफ्नो राजनीतिक अस्तित्व नै कमजोर हुने डर महसुस गरेका थिए। यही डरले अन्ततः कांग्रेस केन्द्रित नयाँ सत्ता संयोजनको मार्ग खुल्यो।

मधेशवादी दलहरू आज पनि निर्णायक शक्ति बन्न नसक्नु प्रदेश राजनीतिका दीर्घकालीन समस्याहरूमध्ये एक हो। मधेशका मुद्दालाई अग्रभूमिमा राखेर बनेका दलहरू सधैं आफूभित्रकै द्वन्द्व, नेतृत्व विवाद र साझा एजेन्डा निर्माण गर्न नसक्ने प्रवृत्तिका कारण निर्णायक क्षणमा कमजोर देखिँदै आएका छन्। ६ दलका जम्मा ५१ सिटले पर्याप्त बहुमत नपुग्ने अवस्थाले उनीहरूको असहायता झनै स्पष्ट बनाएको छ।

अब प्रश्न भनेको यो नेतृत्व परिवर्तनले मधेश प्रदेशको वास्तविक समस्या समाधानतर्फ कति अघि बढ्छ भन्ने हो। नवनियुक्त मुख्यमन्त्री यादवले बेथिति अन्त्य, सुशासन कायम, गरिबी न्यूनीकरण र शिक्षामा सुधार आफ्नो प्राथमिकता रहेको बताएका छन्। तर मधेशको समस्या केवल नीति अभावमै सीमित छैन; यहाँ राजनीतिक हस्तक्षेप, प्रशासनिक कमजोर संरचना, भ्रष्टाचार, र वर्षौंदेखिको विकासहीनता जस्ता गहिरा चुनौतीहरू छन्। यी चुनौती समाधान गर्न स्थिरता, स्पष्ट कार्ययोजना, र कार्यान्वयनमा कठोरता आवश्यक हुन्छ।

मधेशको राजनीति नेतृत्व परिवर्तनमा लगातार व्यस्त रहँदा जनता विकास, सेवा र सुशासनको प्रतीक्षा गर्दै बसेका छन्। मुख्यमन्त्री यादवको नेतृत्वले यो प्रतीक्षा पूरा हुने संकेत दिने हो भने त्यसका लागि राजनीतिक स्थिरता नै पहिलो शर्त हुनेछ। मधेश प्रदेशले नयाँ नेतृत्व पाए पनि समस्या पुरानै छन्। अब नेतृत्वको सफलता पद प्राप्तिमा होइन, जनजीवनमा महसुस हुने परिवर्तनले नापिनेछ।

# डिजिटल हिंसा कहिलेसम्म सहने ?



अमृता लम्साल

सूचनाप्रविधिको क्षेत्रमा देखिएका परिवर्तन अहिलेको समयको मुख्य चुनौती हो। हामीले भन्ने गरेको सामाजिक सञ्जाल र यसबाट आइपरेको समस्या त आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को गलत प्रयोगको अगाडि केही पनि होइन। एआईको कुरा गर्दा यो, एउटा/दुइटा मात्रै होइन; हजारौंको संख्यामा पुगिसकेका छन्।

'फ्युचरपिडिया' नामक एउटा फोरमका अनुसार हाल २५ सय ६३ वटा एआईका प्लेटफर्महरू छन् भनेको छ भने, अन्य स्रोतले ७० हजारभन्दा बढी छन् र, यी प्लेटफर्महरू हरेक दिन परिवर्तन भइरहन्छन् पनि भनेका छन्।

चरपिडियाले एआई टुल्सहरूलाई दश क्याटागोरीमा विभाजित गरेको छ। तीमध्ये, एआई बिजिनेस टुल्स १५ सय ७७, एआई प्रोडक्टिभिटी टुल्स ६३७, अटोमेसन टुल्स ४७०, एआई इमेज टूल्स ३०४, एआई भिडियो टूल्स १८३ छन्। अन्यमा, एआई टेक्स्ट जेनरेटर्स ३१०, एआई कोड टुल्स २०६, एआई अडियो जेनेरेटर्स १५१ तथा एआई आर्ट जेनेरेटर्स ११९ छन्।

हामीमध्ये धैरैले, जेनजी आन्दोलनको क्रममा एआई 'जेनेरेटेड' सिंहदरबार जलाएको फोटो 'पहिले नै सामाजिक सञ्जाल(विशेषगरी टिकटकमा)मा राखिएको थियो' भन्ने पनि सुन्यौं; बूढानीलकण्ठतिरको घरमा पैसा जलेको भिडियो, 'एआईबाट बनाएको हो' भनेर सम्बन्धित घरवालाको स्पष्टीकरण पनि टेलिभिजन र पत्रपत्रिकामा देख्यौं। त्यो दुइटा उदाहरणले पनि के थाहा हुन्छ भने, एआईले साँचो कुन र झूटो कुन हो छुट्याउनै गाह्रो पर्ने स्थितिको सृजना गरिदिएको छ।

यसै सन्दर्भमा गत नोभेम्बर ३० मा अमेरिकाबाट प्रकाशित हुने 'द वाशिङ्टन पोस्ट'मा एउटा आलेख छापिएको छ। डीप फेक अफ नर्थ क्यारोलाइना लमेकर युज्ड इन अवार्ड विनिङ रलपुल भिडियो शीर्षकमा छापिएको उक्त स्टोरी अनुसार, अमेरिकाको नर्थ क्यारोलिना राज्यकी स्टेट सिनेटर डिएन्ड्रिया साल्भाडोरले सन् २०१८ मा 'टेड-टक'मा बोलेको भिडियोको क्लिप राखेर ब्राजिलमा काम गर्ने एउटा विज्ञापन एजेन्सीले 'ह्विर्लपूल' कम्पनीको लागि विज्ञापन बनाएछ; र, उक्त विज्ञापनले, फ्रान्समा भएको 'क्यान्स लायन्स इन्टरनेशनल फेस्टिभल'मा दुइटा अवार्ड जितिसकेको रहेछ।

उक्त फेस्टिभललाई 'विज्ञापनको अस्कर' जस्तै मानिंदो रहेछ। अमेरिकाको निम्न आयस्रोत भएका वर्गको बारेमा कसरी इनर्जी सेभिंग गर्न सकिन्छ भनेर बोलेको भिडियोलाई एआई प्रयोग गरेर 'ह्विर्लपूल'को प्रवक्ता जस्तो बनाएर विज्ञापन बनाइएको रहेछ। त्यो कुरा, उक्त विज्ञापनले दुइटा अवार्ड जितुन्जेल पनि थाहा रहेनछ। होस पनि कसरी ? आफूले, आफ्नै देशमा बोलेको कुरा अन्य देशको विज्ञापन कम्पनीले प्रयोग गर्छ भन्ने कहाँ सोच्न सकिन्छ र ?

सो विज्ञापनमा सीएनएनको दृश्य पनि त्यसैगरी हालेको रहेछ। सीएनएनले थाहा पाएर ब्राजिलमा ह्विर्लपूललाई कम्प्लेन फाइल गरेछ। त्यसपछि सिनेटर साल्भाडोरले चिनेको मानिसहरूले उनको ध्यानाकर्षण गराएछन्; उनीहरूले सोधेछन्, यो तिमी आफैंले बोलेको हो कि, एआई जेनेरेटेड हो ?

त्यसपछि बल्ल उनले थाहा पाएकी रहिछन्। उक्त एजेन्सीले अवार्ड त फिर्ता गरेछ; तर, जतिले सो विज्ञापन हेरेका थिए, उनीहरूलाई के थाहा सो विज्ञापन एआई जेनेरेटेड हो भनेर !

त्यस्तै अर्को रोचक आलेख, अमेरिकी सञ्चार संस्था सीएनएनको अनलाइन, हेल्थ संस्करणमा २८ नोभेम्बर २०२५ मा प्रकाशित भएको छ; जसको शीर्षक, 'साउथ कोरियाज् एजिंग पपुलेसन फाइन्ड्स कम्फर्ट, केयर इन रोबो-ग्रान्डमा डल्स'(साउथ कोरियाका वृद्ध जनसंख्या, 'रोबो ग्रान्डमा' पुतलीमा रमाउँछन्; उनीहरूको सुसार गर्छन्)।

सो 'रोबो-ग्रान्डमा' पुतली बनाउनुको कारण बढ्दै गएको उमेरसँगै एक्लिएका ती ज्येष्ठ नागरिकहरू एक्लो महसुस गरेर मानसिक स्वास्थ्य बिग्रने कारणले उनीहरूको स्वास्थ्यलाई ठिक राख्न, ७ वर्षका बच्चाहरू जस्तो बोल्ने रोबट पुतली बनाइएको रहेछ।

ती पुतलीहरूले छोटा कुराकानी गर्ने, औषधि खान सम्झाउने समेत गर्न सक्ता रहेछन्। उक्त पुतली पनि एआई जेनेरेटेड टेक्नोलोजी नै हो। सालोम ग्राउवार्डद्वारा लिखित उक्त लेखमा ती पुतलीहरू र एआई जेनेरेटेड घरपालुवा जनावरहरूको बारेमा पनि जानकारी दिइएको छ।

यस्तो छ अहिलेको समय ! उपरोक्त उदाहरणहरू दिनुपरेको कारण के हो भने, हामीले बुझे जस्तो फेसबुक र एक्समा गरिने ट्रोलले मात्रै डिजिटल हिंसा हुने वा गरिने होइनन्।

डिजिटल हिंसाको अर्को विकराल रूप अनलाइन पत्रिकाहरूमा लेखिएको लेखहरूमा गरिने कमेन्टहरूमा पनि देखिन्छ। पत्रपत्रिकामा लेख लेख्नु भनेको विभिन्न विचारहरूलाई सार्वजनिक गरेर त्यसमा पक्ष/विपक्षबाट छलफल होस्; कुनै समस्या छ भने छलफलबाट समाधान निस्कियोस्, सरकार वा सम्बन्धित निकायको ध्यानाकर्षण होस् भन्ने पनि हो।

तर, हाम्रो बानी कस्तो भयो भने, आफूलाई चित्त नबुझ्ने बित्तिकै, तार्किक बहस गर्ने होइन कि, कमेन्टमा गएर आमाचकारी गाली गर्ने, महिला छन् भने उनीहरूलाई व्यक्तिगत लाञ्छना लगाउने, चरित्रहत्या गर्ने आदि गर्न कुनै कसर छाडिन्न। यो पंक्तिकारले धैरै अगाडि एउटा बलात्कारको केसमा लेख्दा, लेखको कमेन्टमा "सिधै आएर तँलाई पनि बलात्कार गर्दिन्छु" लेखिएको थियो।

शायद तीन या चार वर्ष अगाडि होला, फ्रन्टलाइनमै देखिने एक अनलाइनमा प्रकाशित लेखको कमेन्टमा, लेख लेख्ने पत्रकार महिलामाथि गरिएको कमेन्ट अत्यन्तै असहिष्णु थियो। त्यहाँ लेखिएको थियो– 'कसैले यसलाई बलात्कार गर्छ भने म १० लाख दिन्छु'

यस्ता कमेन्टहरू सबैले सहज तरिकाले लिन सक्छन् भन्ने छैन; यसले, सम्बन्धित व्यक्तिलाई मानसिक रूपमा क्षत-विक्षत नै बनाएर छाड्छ। यस्तो अवस्थामा न त अधिकांश पत्रिकाले साथ र सहयोग दिन्छन्; न अरू कसैले। त्यसपछि महिलाहरू आफ्नो आवाज दबाएर चुपचाप बस्न खोज्छन्।

मिडियाकै क्षेत्रमा हुँदा पनि अहिलेसम्म नबुझेको कुरा, ती अनलाइनहरूले त्यसता अपमानजनक, धम्की दिने कमेन्टहरू प्रकाशन गर्न हुँदैन भन्नेतर्फ किन ध्यान दिँदैनन्!

यस बारेमा, अमेरिकाबाट प्रकाशित हुने 'द न्युयोर्क टाइम्स'को त त्यस्ता कमेन्टहरू प्रकाशित नगर्ने नीति नै रहेछ।

उक्त पत्रिकाले मानव तथा टेक्नोलोजीको संयुक्त सहयोगमा कमेन्टमा आउने घृणात्मक अभिव्यक्ति, कुनै पनि जाति, धर्म, राष्ट्रियता, लिङ्ग, अपाङ्गता, व्यक्तिगत आक्रमण, धम्की लगायत कुराहरूलाई प्रकाशन तथा प्रसारण गर्न रोक्दो रहेछ। तर यहाँ त, 'बलात्कार गरेमा पैसा दिन्छु' भन्ने कुरा पनि खुलेआम छापिन्छ।

यस्तो परिस्थितिमा, नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म हरेक वर्ष अन्तर्राष्ट्रिय स्तरमा मनाइने 'लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान' यसपालि 'प्रविधिको सही प्रयोग गरौं: लैङ्गिक हिंसा अन्त्य गरौं' नाराका साथ मनाइरहिएको छ।

यो १६ दिने अभियानको सुरुआत प्रधानमन्त्रीदेखि महिला हकहितको लागि खोलिएका अनगिन्ती संघ/संस्थाहरूले मनाउँछन्; ती कुराहरू समाचारमा पनि आउँछन्। झन् आजकल त सामाजिक सञ्जाल मार्फत आफूले गरेका कामका फोटोहरू हालेर जताततै सबै सु-सूचित भएको झझल्को पनि दिन्छन्। तर, त्यही समयमा, देशको पहिलो महिला प्रधानमन्त्रीमाथि सामाजिक सञ्जालमा गरिएको टिप्पणी र अपमान देख्दा र पढ्दा, ती १६ दिने अभियानले कता/कसरी चेतना फैलाइरहेको छ भन्ने प्रश्न ठूलै स्वरले सोध्न मन लाग्छ।

अहिले देशको प्रधानमन्त्री काकताली परेर महिला हुनुहुन्छ; कम्तीमा प्रधानमन्त्रीको पदको त सम्मान हुनुपर्ने हो। तर, अहँ ! बरु अहिलेको समयमा, सामाजिक सञ्जालमा सबैभन्दा बढी उहाँकै अपमान भइरहेको होला !

कसैले, उहाँलाई गलहत्याएर पदबाट निकाल्नुपर्ने कुरा गर्छन् भने कसैले, तरकारी किन्न जाँदा समातेर प्रधानमन्त्री बनाइएकी भन्न समेत पछिपरेका छैनन्। कसैले, उहाँको उमेरलाई समेत होच्याएर पिसाब फेर्न बस्दा उठ्न नसक्ने भन्छन्; कसैले, सारी फेरेर लगाएकोमा अपमानित गर्न छाड्दैनन्।

नोभेम्बर २५ कै दिन थियो, जुन दिन महिला तथा बालिकामाथि हुने डिजिटल हिंसा अन्त्य गर्ने १६ दिने अभियान शुरु भयो, त्यही दिन राजनैतिक र सामाजिक रूपमा सचेत एक जनाले देशको पहिलो महिला प्रधानमन्त्रीमाथि डिजिटल हिंसा हुने स्टाटस लेख्नुभयो- 'आमा' बनेर जागिर खान पुगेकी थिइन्, आतंकी बनेर छोराछोरीलाई यातना दिन उद्यत छिन्..... पधेर्नी आइमाई!'

यदि प्रधानमन्त्रीले आफ्नो पदीय दायित्व निर्वाह नगरेको भए, नीतिनियम विपरित काम गरेको भए प्रधानमन्त्रीको काममाथि टीका-टिप्पणी गर्न नहुने भन्ने पक्कै होइन। तर, राजनैतिक विचारधारा नमिलेकै कारण, कुनै व्यक्तिमाथि तल्लो स्तरमा उत्रिएर गालीगलौजको भाषा प्रयोग गरिन्छ भने त्यो पक्कै पनि लैंगिक हिंसा हो।

जुन देशमा प्रधानमन्त्रीको पदमा आसीन महिलामाथि त लैंगिक हिंसा हुन्छ भने त्यो देशको नीतिनियमबाट महिला तथा बालिका डिजिटल, शारीरिक या मानसिक हिंसाबाट जोगिन्छन् भन्ने ग्यारेन्टी के ?

यस बारेमा अर्को एउटा उदाहरण, नाट्यकर्मी तथा सामाजिक अभियन्ता घिमिरे युवराजले फेसबुकमा लेखेको स्टाटस पनि हो; जसमा भनिएको छ, "जा...मर् न त..."

हालै एक महिला कलाकारको सोसल मिडिया पोष्ट पढेकी थिएँ। सोसल मिडियामा उनीबारे भएका सस्ता आलोचना र

गालीले उनलाई निकै गाह्रो भइरहेको रहेछ। उनले लामो पोस्टको अन्त्यमा लेखेकी छिन्: 'मलाई अचेल बाँच्न गाह्रो भएको छ।' यो पढ्दा म निकै झस्किएँ। उनी कुन मानसिक अवस्थाबाट गुज्रिएकी होलिन् !

भर्खरै मात्र सञ्चारकर्मी मित्र दिपेन्द्र खनियाँको आत्महत्याको अत्यन्तै दुखान्त घटनापछि हामी वरिपरिका साथीहरूले आफैंलाई धिक्कार्यौं: 'के हामीले कहिल्यै उसलाई 'तिमीलाई कस्तो छ!' भनेर सोध्यौं?'

फेरि अर्को कलाकारले भन्छ: 'मलाई बाँच्न गाह्रो भयो।'

त्यो पोस्टमा आएका प्रतिक्रियाहरू पढ्दा म झन् निराश र आश्चर्यचकित

बाँकी पृष्ठ ३मा

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# नक्कली तोरीको तेलमा खाना पकाउँदै त हुनुहुन्न, कसरी चिन्ने ?

काठमाडौँ । हामी हरेक दिन खाना पकाउन धेरै प्रकारका तेलहरू प्रयोग गर्छौँ। कोहीले रिफाइन गरेको तेल, कोही जैतुनको तेल र धेरैले तोरीको तेल प्रयोग गर्छन्। तोरीको तेलमा तरकारी, मासु र माछा पकाउँदा अचम्मको स्वाद आउँछ ।

तोरीको तेल वर्षौँदेखि प्रयोग हुँदै आएको छ। तर, आजभोलि खाद्यवस्तुमा यति धेरै मिसावट भइरहेको छ कि तपाईँलाई थाहा हुँदैन स्वास्थ्यकर के हो ?



कतिपयले घ्यूमा अन्धाधुन्ध मिसावट गरिरहेका छन्, तोरीको तेल पनि यसबाट अछुतो छैन । अब तोरीको तेल बढी प्रयोग गर्नेहरूले तोरीको तेल सक्कली हो कि नक्कली भनेर थाहा पाउनु पर्छ ।

***असली वा नक्कली तोरीको तेल कसरी चिन्ने ?***

- यदि तपाईँ तोरीको तेल प्रयोग गर्नुहुन्छ भने त्यसको शुद्धता पहिचान गर्न तेलको भाँडालाई फ्रिजमा राख्नुहोस्। यदि यसमा पामको तेल छ भने, यो बोतलको फेदमा जमेर बस्छ। तोरीको तेल माथि रहनेछ। वास्तवमा, पामको तेल चिसो ठाउँमा जम्छ। तोरीको तेलमा यस्तो हुँदैन ।
- खुट्टा र हातमा तोरीको तेल लगाउनुहोस्। यदि हात र खुट्टामा रग्दा रङ्ग देखा पर्‍यो भने, त्यसमा मिसावट भएको बुझ्नुहोस् । शुद्ध तोरीको तेलमा रङ वा रासायनिक गन्ध हुँदैन, तर त्यहाँ तिखो गन्ध हुन्छ।
- ब्यारोमिटर परीक्षण पनि गर्न सक्छ। यदि तेल वास्तविक छ भने ब्यारोमिटर रिडिङ ५८ देखि ६० बिचमा हुन सक्छ। यदि रिडिङ यो भन्दा बढी छ भने यो तेल नक्कली हो। तेलमा अन्य सस्तो तेल मिसाइएको हुन सक्छ।
- तोरीको तेलमा नाइट्रिक एसिड मिलाएर हेर्नुहोस्। यदि रङ परिवर्तन भयो भने नक्कली हो, अन्यथा तेल शुद्ध र वास्तविक हो। मिसावट भएको तेलमा नाइट्रिक एसिड थप्दा रङमा परिवर्तन देखिन सक्छ। एउटा कचौरामा तोरीको तेल र केही थोपा नाइट्रिक एसिड हालेर यो परीक्षण गर्न सकिन्छ।
- भाँडामा तेल तताउँदा त्यसबाट निस्कने धुवाँमा ध्यान दिनुहोस् र गन्ध महसुस गर्नुहोस्। यदि बलियो धुवाँ बाहिर निस्कन्छ र आँखा जल्यो भने तेल वास्तविक हुन सक्छ। तोरीको तेलको गन्ध कडा र तिखो हुन्छ। नक्कली तेलको गन्ध धेरै बलियो हुँदैन। त्यसमा केही मिसावट भएको छ ।
- शुद्ध तोरीको तेलको रङ सुनौलो र गाढा पहेँलो हुन्छ, यसमा चमक हुन्छ। नक्कली तेलको रङ पातलो हुन्छ।

# मध्य म्यानमारमा हवाई आक्रमण, १८ जनाको मृत्यु



एजेन्सी रासस

नेपिदो । मध्य म्यानमारको एक सहरमा शनिबार भएको हवाई आक्रमणमा कम्तीमा १८ जनाको मृत्यु भएको छ । एएफपीसँग कुरा गर्दै स्थानीय सरकारी अधिकारी र उद्धारकर्ता अनि स्थानीय बासिन्दाले घटनाबारे पुस्टि गरेका हुन् ।

सन् २०२१ मा सेनाले सैन्य 'कु'मार्फत सत्ता कब्जा गरेदेखि म्यानमार गृहयुद्धले थिलथिलो छ र यसको अनेकौँ 'कु' विरोधी लडाकुहरूसँगको लडाँइका क्रममा बारम्बार हवाई हमला भइरहेका छन् । सरकारी सेनाले गरेका यस्ता आक्रमणमा प्रायः सर्वसाधारणको मृत्यु हुने गरेको छ ।

एक स्थानीय प्रशासनिक अधिकारीका अनुसार शुक्रबार साँझ सागाइङ क्षेत्रको तबाइन नगरमा दुईवटा बम खसालिएका थियो, जसमध्ये एउटा भिडभाड भएको चिया पसलमा लागेको थियो । 'आक्रमणमा १८ जनाको मृत्यु भएको र २० जना घाइते भएका छन्,' ती अधिकारीले एएफपीसँग भने,' 'चिया पसलमा भिडभाड भएको समयमा आक्रमण भएकाले त्यहाँ धेरैको मृत्यु भयो ।' एएफपीसँग सूचनाका लागि बोलेका सबै स्रोतहरूले आफ्नो सुरक्षाका लागि नाम नखुलाउन अनुरोध गरेका छन् ।

आक्रमण भएको १५ मिनेटपछि घटनास्थलमा पुगेका एक उद्धारकर्ताले भने, 'आक्रमणका कारण सात जनाको घटनास्थलमै र अन्य ११ जनाको पछि अस्पतालमा मृत्यु भएको थियो ।' म्यानमारमा चिया पसललाई एक परम्परागत सामाजिक केन्द्रका रूपमा भेला हुने थलो र चिया पिउने स्थानका रूपमा लिइन्छ । आक्रमणबाट चिया पसल र नजिकैका करिब एक दर्जन घरहरूमा क्षति पुगेको छ।

हवाई आक्रमण समय घटनास्थलमा नै रहेका तर बाँच्न सफल एक व्यक्तिले बम विस्फोट हुँदा उनी चिया पसलमा टेलिभिजनमा बक्सिङ खेल हेरिरहेका थिए । 'मैले हवाईजहाज माथिबाट उडेको सुनेँलगत्तै म भुइँमा लडेँ,' उनले भने ।

विस्फोटको आवाज कान नै बहिरो पार्ने खालको निकै चर्को भएको उनले बताए । तर आफूँ कसरी जोगिए थाहा नभएको उनले बताए । 'मैले मेरो टाउकोमाथि ठुलो आगोको लप्को देखेँ । तुरून्तै ठुलो आवाजसहित विस्फोट भयो । म होसमा आउँदा वरपर धेरै रगत देखिन्थ्यो । मैले धेरै मानिसहरूको मृत्यु भएको जानकारी पाएँ । म भने भाग्यमानी थिएँ, म त्यसपछि घर फर्किएँ,' ती व्यक्तिले भने ।

म्यान्मारमा सेनाप्रति बफादार जुन्टा सरकारका एक प्रवक्तासँग यस विषयमा कुरा गर्ने एएफपीको प्रयास सफल हुन नसकेको एएफपीका संवाददाताले जानकारी दिएका छन् ।

स्थानीय एक बासिन्दाले भने, 'विनाशकारी भूकम्प गएपछि घोषणा गरिएको कथित युद्धविरामका बाबजुद मे महिनामा सागाइङमा भएको जुन्टाको हवाई हमलामा मारिएकाहरूको शनिबार अन्त्येष्टि गरिएको छ । यसमा केही पीडितहरूको अनुहार छेदविच्छेद् अवस्थामा देखिन्थ्यो । 'मलाई धेरै दुःख लागेको छ, किनभने म तिनीहरूमध्ये केहीलाई राम्ररी चिन्थें,' उनले भने ।

म्यानमारमा विनाशकारी भूकम्प गएपछि कथित युद्धविरामको घोषणा गरिए पनि मे महिनामा सागाइङमा भएको सैन्य शासकको हवाई हमलामा २० बालबालिकासहित २२ जनाको मृत्यु भएको थियो ।

## डिजिटल..............

भएँ। ढाडस दिने त कमै छन्; कतिले त यत्तिको अमानवीय शब्द लेखेका छन्: 'जा, मर न त...'

उफ... को हो यो लेख्ने ? कस्तो हुर्काइ, परिवेश वा मानसिकताका मानिसले यसरी लेख्न सक्छ ? यो त निर्दयता र हिंसाको चरम रूप हो।

केही दिनअघि मेरा मित्र लेखक गनेस पौडेलसँग सोसल मिडियामा आउने प्रतिक्रियाबारे छलफल भएको थियो। उनले भनेका थिए: 'हामीकहाँ सोसल मिडियामा आउने (सामाजिक-राजनीतिक) प्रतिक्रियामा ९५ प्रतिशत प्रतिक्रिया पुरुषहरूको छ। यसबारे सर्वेक्षण भएको छ रे!'

त्यसो भए गालीगलौज र फोहोरी/हिंसात्मक कमेन्ट गर्नेमा यो प्रतिशत कहाँ पुग्ला ? सोसल मिडियामा ९९.९९९९ प्रतिशत फोहोरी वा हिंसात्मक प्रतिक्रिया पुरुषहरूबाटै आइरहेका छन्।

हाम्रा पहुँचका पोस्टहरूमा आउने प्रतिक्रियाबाट पनि स्पष्ट हुन्छ, हाम्रो सोसल मिडिया केवल पुरुष-वर्चस्वमा मात्र छैन, अति नै 'महिला-द्वेषी' छ। फेसबुक, टिकटक, इन्स्टा, एक्स वा युट्युब जहाँ पुगे पनि महिलाका पोस्टमा गाली गर्ने, पढ्नै नसकिने फोहोरी शब्द लेख्नेहरू पुरुष नै हुन्छन्। ती गालीहरू कुनै शारीरिक हिंसाभन्दा कम हिंसात्मक छैनन्।

फेसबुक वा एक्समा श्रीमती लुनाले लेखेका व्यक्तिगत विचारमा आएका पुरुषहरूको कमेन्ट यति अपमानजनक र हिंसात्मक छन् कि मैले कतिपय कमेन्ट पूरा पढ्ने हिम्मत नै गरिनँ। हिंसात्मक प्रतिक्रियाका कारण लुनालाई मानसिक तनाव बढेर एक्स छोड्नै बाध्य हुनुपर्‍यो।

म बारम्बार सोचिरहन्छु, कसरी यस्ता मानिसहरू महिलालाई बलात्कारसम्मको चरम सीमामा गएर गाली गर्न सक्छन् ? तिनका घरमा आमा, दिदीबहिनी, श्रीमती वा छोरीहरूको अवस्था कस्तो होला ? वरिपरिका महिलाहरूप्रति उनीहरूको व्यवहार कस्तो होला ? कहिलेकाहीं त लाग्छ, सोसल मिडियामा महिला हिंसा गर्नु मानसिक रोग नै हो ?

कतिपय पुरुष (छोरीहरूका बाबुहरू) लाई व्यक्तिगत रूपमा चिन्छु; तर तिनैले सामाजिक सञ्जालमा अत्यन्त महिला-द्वेषी पोस्ट गर्छन्। अझ त्यस्ता ससुराहरूले आफ्ना घरका बुहारीलाई कसरी हेर्छन् होला ?

अचेल त यस्तो लाग्न थालेको छ, घरमा हुने महिला हिंसाभन्दा डरलाग्दो छ सोसल मिडियामा हुने महिला हिंसा। तर, अन्ततः यो सबै घरतिरै फर्किने हो। त्यसोभए यो दुर्गन्धलाई कसरी हटाउने ? के हाम्रो दिमाग यति फोहोरी भइसक्यो कि चेतनाले नै काम गर्न छोडिसक्यो ?

एक्सको कुरा गर्ने हो भने, त्यहाँ केही वर्ष अगाडिसम्म तार्किक र वैचारिक बहसमा भाग लिइरहने धेरै महिलाले आफ्नो विचार र तर्क राख्न कम गरिसकेका छन्। किनकि, कोही पनि अनावश्यक रूपमा घृणास्पद अभिव्यक्ति र ट्रोलको शिकार हुन चाहँदैनन्। त्यस्ता कमेन्टहरूले कतिपयलाई मानसिक रूपमा अस्वस्थसम्म बनाइदिन्छ भने कतिपय व्यक्तिहरू जतिसुकै अन्याय भए पनि आफ्नो आवाज दबाएर राख्न विवश हुन्छन्।

हुन त, यसरी गरिने हिंसा महिला तथा बालबालिकामा मात्रै सीमित छैनन्। बहालवाला शिक्षा मन्त्री महावीर पुनलाई सामाजिक सञ्जालमा लगाइएको आरोपबारे नोभेम्बर २७ तारिखमा उनले दिएको जवाफले पनि कति तल्लोस्तरमा झरेर आरोप लगाइन्छन् भन्ने उदाहरण देखिन्छ।

उनले लेखेका छन्– "लौ हेर्नुहोस् अमेरिकाको सीआईएले म महावीर पुनलाई दिएको पहिलो स्याटेलाइट फोनको सम्पूर्ण टेक्निकल विवरण – मोहन लामा रुम्बा भन्ने एक जना भाइले त मलाई सीआईएको एजेन्ट भनेर ठोकेरै भनेका छन्। मैले द्वन्द्वकालमा सीआईएले दिएको त्यस्ता धेरै स्याटेलाइट फोनहरू अमेरिकाबाट चोरी निकासी गरेर माओवादीहरूलाई उपलब्ध गराएको भनेर बारम्बार सोसल मिडियामा भनिरहेकै छन्। त्यो भाइ एकनम्बरको बकम्फुसे रहेछ भनेर म पनि चुप लागेर बसेको हो।

वास्तवमा त्यो स्याटेलाइट फोन भनिएको चिज आजभोलि सबैको घर-घरमा भएको वाईफाई राउटरको हजुरबुवा हो र त्यसको फोटो हेर्नुहोस्। टेक्निकल कुराहरू बुझ्नेले यो मष्लिप.चग/भल/उचयमगअतक/२/... वेबसाइटमा गएर पनि हेर्नुहोस्। त्यतिबेला यो भन्सार छलेर ल्याएको चाहिं पक्कै हो।"

अझै महत्वपूर्ण कुरा त, महिला तथा बालिकामाथि हुने डिजिटल हिंसाको कुरा गर्दा हामी मिडियाकर्मीहरूले पनि थाहा पाई/नपाई कुनै वर्ग/समुदाय/धार्मिक/यौनिक अल्पसंख्यक लगायत थुप्रै महिला तथा बालिकालाई अपराधीकरण गरिरहेका हुनेरहेछौं !

उदाहरणको लागि, मिडियाले कथा/आलेख प्रस्तुत गर्दा 'झिंझाका पासवान र डकैती एक-अर्काका पर्यायवाची' बनाइदिएको प्रसंग लिऊँ। त्यसरी पर्यायवाची बनाइदिएको कारणले ती जाति र समुदायको मन कति दुखाएका रहेछौं भन्ने जान्न यसबारेमा, २०७६ पुस १९ गते नयाँ पत्रिकामा छापिएको आलेख 'डाँकाकी बुहारी !' पढ्दा हुन्छ। त्यो आलेखमा भनिएको छ- "हामी जुन इतिहास बिर्सिन चाहन्छौं, काठमाडौं घरीघरी त्यही इतिहास सम्झाउन खोज्छ । त्यति मात्र होइन, दोहोर्‍याउन खोज्छ। मिडिया पनि हाम्रो आँसुलाई बेच्न चाहन्छ, न कि हाम्रो समस्यालाई सम्बोधन गराउनका लागि पहल गर्न ।"

एउटा गौरवपूर्ण इतिहास बोकेको समुदायलाई पूर्व डाँकाहरूको संज्ञा दिने अधिकार कहाँ लेखिएको छ ? बरु पासवानहरू त यो देशको सबैभन्दा बढी देशभक्त र इमान भएको समुदाय पो हो। जसलाई राज्यकै संरक्षणमा डकैती पेशा अँगाल्न बाध्य पारिएको हो ।

आफूलाई 'महराज चौहरमल'का सन्तान मान्ने पासवानहरू कसरी आज दलित भए र डाँकाको अपमान भोग्न बाध्य भए ? खोज्नुपर्ने इतिहास त यो हो । हुन पनि हामीलाई त्यसरी खोज्नु नै छैन; किनकि, त्यो समुदायलाई जे आरोप लगाइएको छ, त्यसरी नै प्रस्तुत गर्दा शायद, रोमाञ्च महसुस हुन्छ; अर्काको आत्मा रोएको महसुस हुँदैन।

त्यस्तै अर्को उदाहरण; वादी जातिलाई यौनकर्मीको पर्याय; यस्ता कतिपय कुरालाई गम्भीरतापूर्वक सोच्न जरूरी भएन र ? तत-तत् समुदायका व्यक्तिहरूले भोगेको त्यो पीडा महसुस गर्न सक्नुहुन्छ ?

त्यस्ता कथाहरू अरू पनि छन्, लैंगिक र अल्पसंख्यकले भोगेको यथार्थलाई हामी मिहिन रूपले कति केलाएर लेख्छौं ? मिडियाले बनाइदिएको न्यारेसनबाट छुटकारा पाउन कति गाह्रो हुन्छ, मनन् गर्नुभएको छ ? यस्ता कुराहरू पनि डिजिटल हिंसा हुन्, मनन गरौं !

बिट मार्दामार्दै, विश्वव्यापी रूपमै बढ्दै गएको प्रविधिको बढ्दो प्रयोगभित्र नेपाल मात्रै अछुतो रहन सक्ने सम्भावना अवश्य हुँदैन। त्यसमा पनि सोसल मिडियाका सामग्री सबैभन्दा अनियन्त्रित बनिरहेको देखिन्छ।

सामाजिक सञ्जालबाट व्यापक रूपमा अनियन्त्रित बनिरहेको घृणाजन्य अभिव्यक्ति, गोपनीयता हनन्, मिथ्या सामग्रीमा छुट दिँदै जाने हो भने यसले अझै ठूलो समस्या निम्त्याउँदै जाने पक्का छ। यसको लागि डिजिटल अभिव्यक्तिलाई लिएर कानून बन्नु जरूरी छ।

कानून बनाउने कुरामा बहस पनि चलिरहेकै छ। तर, कानून बनाउँदा संविधानप्रदत्त मौलिक हकलाई हनन् हुन दिनुहुँदैन भन्ने कुरा महत्वपूर्ण हो। यसको लागि विधेयक पनि बनिसकेको हो तथापि, विधेयकलाई पूर्णता दिने कुरामा सधैं सत्ता पक्ष र प्रतिपक्षको बीचमा सहमति नै हुँदैन।

विधेयकको अर्को रोचक पक्ष के हो भने सत्तामा रहेको दल यसको पक्षमा उभिन्छ तर, जब सत्ता परिवर्तन भएर विपक्षमा पुग्छ अनि त्यही दल विधेयकको विपक्षमा हुन्छ।

नेपालमा कानून बनाउँदा, दक्षिण एशियाली बङ्गलादेशमा जस्तो अभिव्यक्ति नियन्त्रणमुखी हुन नदिन सम्बन्धित पक्ष चनाखो र सचेत रहनुपर्दछ। यी तथ्यहरूलाई मनन् गर्दै सूचनाप्रविधि विधेयक ल्याउन जरूरी भइसकेको छ।

# सभापतिमा उम्मेदवारी दिन्छु : कांग्रेस महामन्त्री थापा

दैनिक समाचारदाता
सर्लाही, २० मंसिर । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले पार्टीको आसन्न १५ औँ महाधिवेशनमा सभापति पदमा उम्मेदवारी दिने बताउनुभएको छ ।

नेपाल प्रेस युनियन सर्लाहीले शनिबार बिहान सदरमुकाम मलङ्गवामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा थापाले आफू सभापतिको उम्मेदवार हुने घोषणा गर्नुभएको हो । “यो पटक पार्टीका साथीले नयाँ नीति, नयाँ सन्देशसँगै नयाँ नेतृत्व छान्नुहुन्छ भन्नेमा म विश्वस्त छु,” थापाले भन्नुभयो, “१५ औँ महाधिवेशनमा म सभापतिको प्रत्यासी हो ।”



कांग्रेस महामन्त्री थापाले फागुन २१ को प्रतिनिधिसभा निर्वाचन अघि नै पार्टीको महाधिवेशनमा जानुपर्ने स्थिति बनेको बताउनुभयो । बिचको केही समय छलफल र बहसमा खेर फाले पनि अब छोटो समयमा पार्टीको महाधिवेशन सम्पन्न गरेर फागुन २१ को निर्वाचनमा सरिक हुने निर्णय गरिएको कांग्रेस महामन्त्री थापाको भनाइ छ । पार्टीको महाधिवेशन र निर्वाचनको तयारी सँगसँगै अघि बढाइएको थापाले बताउनुभयो ।

कांग्रेस महामन्त्री थापाले वर्तमान सरकारले फागुन २१ मा चुनाव गराउने विश्वास व्यक्त गर्नुभयो ।

चुनावले संविधानमाथिको क्षति थप बढ्न नदिने उहाँको भनाइ छ । “नेपाली कांग्रेसको तर्फबाट फागुन २१ को निर्वाचनप्रति हामी पूर्ण प्रतिबद्ध छौँ,” महामन्त्री थापाले भन्नुभयो, “दलहरू तयार भइसकेकाले सरकार पनि सम्पूर्ण संसय हटाएर निर्वाचन गराउने गरी अघि बढ्नुपर्छ ।”

थापाले जेनजी आन्दोलनपछि फरार रहेका कैदीबन्दी र लुटिएका हतियार निर्वाचनका लागि चुनौति हुन सक्ने कुरा सरकारलाई अवगत गराइएको बताउनुभयो । उहाँले सबै समूह र राजनीतिक दलले चुनावमा भाग लिन पाउनुपर्ने माग शुक्रबार प्रधानमन्त्री सुशीला कार्कीले राखेको सर्वदलिय बैठकमा राखिएको बताउनुभएको छ ।

कांग्रेस महामन्त्री थापाले आफू यो पटक पनि काठमाडौंबाटै चुनाव लड्ने बताउनुभयो । सर्लाहीको क्षेत्र नं. ४ बाट यसअघिको निर्वाचनमा समेत चुनाव लड्न प्रस्ताव आए पनि पार्टीभित्र प्रायः आफ्नै क्षेत्रबाट चुनाव लड्ने परिपाटी रहेकाले आफू अहिलेकै निर्वाचन क्षेत्रबाट प्रतिस्पर्धी हुने कांग्रेस महामन्त्री थापाले जानकारी दिनुभयो ।

# रामुपाको उम्मेदवार सिफारिस आदेश

दैनिक समाचारदाता
जनकपुरधाम, २० मंसिर । राष्ट्रिय मुक्ति पार्टी (रामुपा) ले आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि प्रत्यक्ष तथा समानुपातिक उम्मेदवार सिफारिस गर्ने कार्यका लागि मातहतका निकायहरूलाई निर्देशन दिएको छ।

पार्टीको केन्द्रीय समितिको मंसिर १ गतेको बैठकको निर्णयअनुसार सबै जिल्ला अध्यक्ष, संयोजक तथा इन्चार्जलाई उम्मेदवारको नाम सिफारिस गरी मंसिर मसान्तभित्र केन्द्रमा पठाउन भनिएको हो।

पार्टी अध्यक्ष राजेन्द्र महतोद्वारा जारी विज्ञप्तिमा जिल्लामा उपलब्ध केन्द्रीय नेताहरूको सहभागितामा विस्तारित बैठक




आयोजना गरी प्रत्यक्ष र समानुपातिक दुवै तर्फका उम्मेदवारको सूची तयार गर्न निर्देशन दिइएको उल्लेख छ।

विशेषगरी समानुपातिक उम्मेदवार सिफारिस गर्दा प्रत्येक क्लस्टरमा ५० प्रतिशत महिला उम्मेदवारको व्यवस्था कानुनी रूपमा पालना गर्न पार्टीले कडाइका साथ निर्देशन दिएको छ।

त्यसैगरी समानुपातिक उम्मेदवारको नाम पठाउँदा नागरिकताको प्रतिलिपि, भोटर आइडी कार्ड, साथै अल्पसंख्यक वा अपाङ्गता सम्बन्धी प्रमाणपत्र भए त्यसको प्रतिलिपि पनि संलग्न गर्न भनिएको छ।

# ५२ केजी गाँजासहित एक युवक पक्राउ




दैनिक समाचारदाता
सर्लाही, २० मंसिर । सर्लाहीको लालबन्दीबाट ५२ केजी लागुऔषध गाँजासहित एक युवक पक्राउ परेका छन् । लालबन्दी नगरपालिकाको चुरेवर्ती क्षेत्र वडा नं. १४, नारायणखोलाका २५ वर्षीय गंगाबहादुर वाइवा ठुलो परिमाणमा लागुऔषध लिएर आउँदै गर्दा पक्राउ परेका हुन् । वाइवालाई बा १२ च ४७१० नम्बरको पिकअप भ्यानमा गाँजा लोड गरेर लालबन्दी बजारतर्फ आउँदै गर्दा लालबन्दी नगरपालिका-११, हिरापुरबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ ।गाँजासहित पक्राउ परेका वाइवालाई सर्लाही जिल्ला अदालतबाट लागुऔषधसम्बन्धी मुद्दामा ६ दिन म्याद थप गरी अनुसन्धान एवम् कारबाही अघि बढाइएको इलाका प्रहरी कार्यालय लालबन्दीका प्रहरी निरीक्षक वीरेन्द्रसिंह जोहारीले जानकारी दिनुभयो । नारायणखोलातर्फबाट गाँजा ल्याइँदै गरेको सूचना पाएपछि इन्स्पेक्टर जोहारीको नेतृत्वमा प्रहरी परिचालन भएको थियो ।

इन्स्पेक्टर जोहारीका अनुसार गाडीका चालक बस्ने सिटमुनी ‘फल्स बटम’ बनाएर लुकाइएको गाँजा बरामद भएको हो । लालबन्दी प्रहरीले यसअघि मङ्सिर १ गते लालबन्दी नगरपालिका-६, शिव मन्दिर क्षेत्रबाट ३८ केजी ८९० ग्राम गाँजासहित एक जनालाई पक्राउ गरेको थियो ।

# ब्राउन सुगरसहित दुईजना पक्राउ

दैनिक समाचारदाता
महोत्तरी, २० मंसिर । प्रहरीले लागुऔषध ब्राउन सुगर ओसारपसार आरोपमा बालिकासहित बर्दीबासबाट दुई जनालाई नियन्त्रणमा लिएको छ । पक्राउ पर्नेहरूमा जलेश्वर नगरपालिका ६ का २६ वर्षीय मोटरसाइकल चालक बिक्कीकुमार मिश्र र पछाडी सवार पोखरा घर भइ हाल जनकपुर उपमहानगरपालिका २२ बस्ने १६ वर्षीया नेहा परियार रहेको प्रहरीले जनाएको छ ।



विशेष सूचनाका आधारमा बर्दिबासस्थित लागुऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय र इलाका प्रहरी कार्यालय बर्दिबासको संयुक्त टोलीले दुवैलाई ४७ ग्रामभन्दा बढी ब्राउन सुगरसहित नियन्त्रणमा लिएको जनाएको छ ।

ब्युरो प्रमुख सरोज अधिकारीका अनुसार प्रहरीले हिजो शुक्रबार साँझ ५:३० बजेतिर बर्दिबास नगरपालिका १ स्थित राष्ट्रिय बाणिज्य बैंकअगाडिको भित्री सडक खण्डमा गौरीडाँडातर्फ जाँदै गरेको प्रदेश २-०२-००५ प ३१५९ नम्बरको मोटरसाइकल रोकी चेकजाँच गर्दा ब्राउन सुगरसहित दुवैजना पक्राउ परेका हुन् । चेकजाँचका क्रममा नेहा परियारले हातमा बोकेको सेतो प्लास्टिकको झोलाभित्र चकलेटको बट्टामा लुकाइ राखिएको अवस्थामा दुई वटा सेतो प्लास्टिकको प्याकेटभित्र ब्राउन सुगर फेला परेको थियो । तौल गर्दा प्लास्टिकसहित ५२.८५० ग्राम र शुद्ध तौल ४७.६२० ग्राम रहेको प्रहरीले जनाएको छ ।

बरामद गरिएको लागुऔषध तथा मोटरसाइकलसहित दुवै जनालाई आवश्यक कारबाहीका लागि शुक्रबार राति नै बर्दीबासस्थित इलाका प्रहरी कार्यालयमा बुझाइएको ब्युरो प्रमुख अधिकारीले बताउनुभयो ।

# सुरक्षाका लागि सरकार जिम्मेवार हुनुपर्छ: सभामुख घिमिरे

सुरुङ्गा २० मंसिर । सभामुख देवराज घिमिरेले निर्वाचनको विषयलाई लिएर दलहरूबिच अविश्वास बढेको बताएका छन् । वीरता जेसिज बिर्तामोडको आयोजनामा आज यहाँ आयोजित ‘सङ्कटपछि देशको अर्थतन्त्र: अवसर र चुनौती’ विषयक कार्यक्रममा उनले सुरक्षालगायत कारणले निर्धारित समयमा निर्वाचन हुनेमा शङ्कासमेत रहेको बताए ।

सभामुख घिमिरेले मुलुकमा राजस्व सङ्कलन कमजोर हुँदा सामान्य खर्च धान्न पनि सरकारले ऋण लिनुपर्ने अवस्था आएको भन्दै यस्तो बेला निजी क्षेत्रलाई विश्वासमा लिनसक्नुपर्ने धारणा राखे ।

“मुलुकमा अराजक गतिविधि बढ्दै जाँदा निजी क्षेत्र लगानी गर्न हिचकिचाइरहेको समय छ । सुरक्षाका कारण मनोबल कमजोर भएको छ, त्यसैले निजी क्षेत्रलाई लगानी गर्ने वातावरण बनाउन लाग्नुपर्छ”, उनले भने ।

वीरता जेसिजका अध्यक्ष युवराज कुँवरको अध्यक्षतामा भएको कार्यक्रममा लिड नेपालका प्रधान सम्पादक राजेन्द्र बाँनियाले सहजीकरण गरेका थिए । कार्यक्रममा नेपाल राष्ट्र बैंकका डेपुटी गर्भनर बमबहादुर मिश्र, नविल बैंकका कार्यकारी प्रमुख मनोज ज्ञवाली, उद्योग वाणिज्य महासङ्घका केन्द्रीय उपाध्यक्ष



हेमराज ढकाल, राष्ट्रिय सहकारी बैंकका अध्यक्ष महेन्द्रकुमार गिरी, वीरता जेसिजका सङ्घ संस्था समन्वय संयोजक भूपेन्द्र भण्डारी, कोषाध्यक्ष लोकचन्द्र श्रेष्ठ, नेपाल पत्रकार महासङ्घ झापाका अध्यक्ष एकराज गिरीलगायतले मुलुकको पछिल्लो आर्थिक अवस्थाका विषयमा आ-आफ्नो धारणा राखेका थिए । रासस

## देशभर.....

त्यसैगरी नेपाली कम्युनिस्ट पार्टीका नेता झलनाथ खनालले विदेशिएका युवाहरूलाई स्वदेश फर्काउन शक्तिशाली कम्युनिस्ट पार्टीको आवश्यकता रहेको बताएका छन् । उनले देशमा अझै पनि भ्रष्टाचार व्याप्त रहेको र शिरदेखि तीरसम्म नै भ्रष्टाचार व्याप्त रहेको जिकिर गरे ।

‘आज देशमा जुन प्रकारको भ्रष्टाचार भइरहेको छ । देशभर नै भ्रष्टाचार छ, शिरदेखि तीरसम्म भ्रष्टाचार छ । भ्रष्टाचारीहरूले देशलाई नराम्रो ढंगले डसिरहेको छ । त्यसलाई अन्त्य गर्ने व्यवस्था भनेको समाजवाद हो,’ नेता खनालले भने ।

भ्रष्टाचारीहरूले देशलाई नराम्रोसँग डसिरहेको भन्दै त्यसको अन्त्य गर्ने समाजवाद नै एक मात्र विकल्प रहेको बताए । उनले देशमा रोजगारी सिर्जना नहुँदा ठूलो संख्यामा युवाहरू विदेश पलायन भइरहेको बताए ।

‘हामीलाई समाजवाद चाहियो । देशभर नै बेरोजगार नै बेरोजगार छ । १८ देखि ४० वर्ष समूहका युवाहरूको ठूलो संख्या खाडीमा छ । श्रमजीवि जनता बाहिर गइरहेका छन्,पेशा व्यवसाय सिर्जना नहुँदा उनीहरू बाहिर पुगेका छन् । उनीहरूलाई देश फर्काउन एउटा ठूलो शक्तिशाली कम्युनिष्ट पार्टीको आवश्यक छ,’ उनले भने ।




‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४